# कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## २०१३ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्यप्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम् ।

## खानीहरूको व्यवस्था गर्नको निमित्त बनेको ऐन

जनहितको निमित्त खनिज पदार्थहरूको विकास गर्न र खानी तथा तेल खानीहरू व्यवस्थित गर्नको लागि उचित प्रबन्ध गर्नु पर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

[१] यस ऐनको नाम "नेपाल खानी ऐन, २०१३" रहेको छ ।

[२] यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः—

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः—

[क] 'ठेकदार' भन्नाले सरकारबाट खनिज पदार्थको जाँच पडताल गर्ने र काम गर्ने ठेका पाएको व्यक्ति सम्झनुपर्दछ ।

[ख] 'खानी' भन्नाले खनीजपदार्थको जाँच पडताल र उपलब्धिको निमित्त खन्ने काम भइसकेको वा भैरहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाउँ सम्झनु पर्छ र यसमा तेलका इनारहरू पनि समाविष्ट मानिनेछन् ।

[ग] 'खानीको ठेक्का' भन्नाले खनिज पदार्थहरू जाँच पडताल गर्न वा उपलब्ध गर्न त्यसको काम गर्न त्यसला बिक्री लायक गराउन ठाउँ ठाउँ बाट ल्याउन लगाउन बिक्री गर्न र तत्सम्बन्धी अरू कामको निमित्त दिइएको ठेक्का सम्झनुपर्दछ । यसले कुनै ठाउँमा खानी हुने सम्भावना भई त्यसमा जाँच पडताल गर्न पाउने इजाजतलाई पनि जिइनेछ ।

[घ] 'खनिज पदार्थ' भन्नाले गैसर तेलसमेतलाई लिइनेछ ।

[ङ] 'तेल क्षेत्र' भन्नाले कोरा तेल वा सबै वा केही भाग परिशोधित तेल वा गैस वा पेट्रोल वा तरल वा खँदिलो रूपमा पेट्रोलको कुनै उत्पादन झिक्ने यो निकाल्ने काम भई राखेको वा हुनेठाउँलाई जनाउँछ ।

३. यो ऐनबमोजिम नभएमा खानीको ठेक्का सदर नहुनेः—

[१] यो ऐन प्रारम्भ भएपछि यस ऐन अन्तर्गत बन्ने नियमहरूमा नमिल्ने गरी खानीको कुनै ठेक्का दिइनेछैन ।

[२] उपदफा (१) बखिलाप गरी कुनै खानिको ठेक्का दिइएमा सो ठेक्का रद्द हुनेछ ।

४ [ खानीको ठेक्का दिने सम्बन्धमा नियमहरू बनाउने अधिकारः—

[१] सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी खानीको ठेक्का दिने काम नियमित गर्नको निमित्त नियमहरू बनाउन सक्नेछ ।

[२] उपदफा (१) मा लेखिएको अधिकारमा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर यस्ता नियमहरूमा देहायमो लेखिएका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिनेछ ।

[क] कुन खनीज पदार्थ अथवा क्षेत्रका सम्बन्धमा कसले कुन हाँगामा दर्खास्त दिने भन्ने र दर्खास्तमा लाग्ने दस्तुरबारे ।

[ख] ठेक्का दिने अधिकारी र ठेक्काका शर्त बन्देजहरू बारे ।

[ग] खानीको ठेक्का दिने अवधि र क्षेत्रफलको माथिल्लो र तल्लो हद् र नजिकै जोडिएका खानीहरूको सम्बन्धमा ठेक्का मिलाउन हुने शर्तहरू बारे ।

२८४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[घ] खानीको काम भएमा वा नभएमा ठेकदारबाट तिर्नु पर्ने माथिल्लो र तल्लो हदको बहालको अङ्क किटान गर्ने बारे ।

[ङ] कुन खनिज पदार्थको अथवा कुनै क्षेत्रमा ठेक्का दिन निषेध गर्नेबारे ।

५. खनीज पदार्थको विकाश सम्बन्धमा नियम बनाउने अधिकारः—

[१] सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी खनीज पदार्थको विकाश र संरक्षणको निमित्त नियमहरू बनाउन सक्नेछ ।

[२] उपदफा [१] मा लेखिएको अधिकारमा कुन प्रतिकूल प्रभाव नपारी खास गरेर यस्ता नियमहरूमा देहायमा लेखिएका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिनेछ ।

[क] कुनै खानी अथवा क्षेत्रबाट खनीज पदार्थ खनेर झिक्न तथा जम्मा गर्न हुने वा नहुनेबारे ।

[ख] खानीको ठेक दिन मनाही भएको क्षेत्रमा कामगन अथवा मनाही भएको खनीज पदार्थको विकाश गर्ने तरिका ।

[ग] कुनै क्षेत्रमा रहेका खनीज पदार्थको विषयमा कुनै इन्जिन, मेसिन वा अरू कल सामान लगाई मात्र काम गर्नु पर्छ भन्ने कुरा तोक्ने वा नियमित गर्ने ।

[घ] तेल खानीका इनारहरू खन्ने गहिराउने, बन्द गर्ने, खनेको पुर्ने, परित्याग गर्ने कामहरूलाई नियमित गर्ने वा त्यस्ता कामहरूको हद तोक्ने वा निषेध गर्ने र तेलको नोक्सानी हुन तथा तेल खानी बिग्रन नदिन अरू चाहिंदो उपायहरू गर्ने कुराहरूलाई नियमित गर्ने ।

[ङ] जुनसुकै तेलखानीमा तेल निकाल्ने तरिकाहरू र यस्तो तरिकाहरूको हद र निषेधसम्बन्धी कुरा नियमित गर्ने ।

[च] नयाँ खनेका प्वालहरू तथा इनार घनकहरू [साफ्ट सिन्किङ्स] का सम्बन्धमा सूचनाहरू निकाल्न अनिवार्य गर्ने, त्यस्ता प्वाल तथा इनारहरूका लगत राख्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र त्यहाँबाट प्राप्त भएको भित्री भाग [कोर] का नमूनाहरूको संरक्षण गर्ने बारे।

[छ] खनिज पदार्थ गोदाममा थन्क्याई राख्ने तरिका र यो खनिज पदार्थ कुनै व्यक्तिले यति स्टक राख्न सक्छ भन्नेबारे।

[ज] खानीहरू र नयाँ खनेका प्वालहरूबाट नमूना झिक्ने तरिकाबारे।

[झ] खानी खनी वा खोतली झिकिएका तथा जम्मा गरिएका खनिज पदार्थका रायल्टी दस्तुर फीस वा कर इत्यादि निर्धारित र असूल उपर गर्ने।

[ञ] ठेकदारहरूले आमदानी खर्चको आवधिक [पेरिओडिकल] वा विशेष फाँट तथा रिपोर्टहरू पेश गर्दा कुन अधिकारीमा पेश गर्नु पर्छ भन्ने कुरा।

६. दण्ड जरिवाना

[१] यो ऐनअन्तर्गत बन्ने नियमहरूमा नियम उल्लंघन गर्नेलाई २ वर्षसम्म कैद वा रु. ३००० सम्म जरिवाना अथवा दुवै सजाय दिने व्यवस्था गर्न सकिनेछ।

[२] उपदफा (१) बमोजिम एक पटक दण्ड सजाय पाएका व्यक्तिले फेरि त्यस्तै कसूर गरेमा उक्त दण्ड सजाय पाएको मितिदेखि यो पछिल्लो कसूरको मितिसम्मका गन्तीले रोजको रु. ५० का दरले सो व्यक्तिलाई दण्ड सजाय हुनेछ।

७. जाँच गर्ने अधिकारः—

यो ऐन तथा यस ऐन-अन्तर्गत बनेका नियमहरूबमोजिम काम गरिएको खानीको वर्तमान कामको स्थिति वा भविष्यमा हुने स्थिति बुझ्नको निमित्त सरकार तर्फबाट खटाइएका अफिसरले देहायबमोजिमको काम गर्न सक्दछ।

[क] जुनसुकै खानीभित्र पस्ने र जाँच गर्ने।

[ख] खानीसँग सम्बन्धित अथवा त्यस सम्बन्धमा अधिकार पाएका व्यक्तिबाट निजसँग भएका अथवा निजको अधिकारमा रहेका खानी विषयका कागजपत्र खाता-बही, रजिष्टार, लगत, तथ्याङ्क इत्यादि पेश गर्न लगाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

# राज्यव्यवस्था तथा गृहमन्त्रालयको सूचना

पत्र संख्या गृ. न्या ७१५

मिति २०१३-७-६-५

२००७ सालदेखि यता ०११ साल चैत्र मसान्तसम्मको र सोभन्दा अघि प्रधान न्यायालयमा धेरै मुद्दाहरू छिन बाँकी रही सो बक्यौता मुद्दाहरु फर्यौउन ०१२ साल कार्तिक ३ गतेदेखि वर्ष १ को निमित म्यादी गरी अस्थायी न्यायाधीशहरू र चाहिने स्टाफ-खर्चसमेत निकाशा भएकोमा बक्यौता मुद्दाहरू अझै केही बांकी भएकोले अब ०१३ साल चैत्र मसान्ततकलाई म्याद थप दिने सरकारबाट निर्णय भएको छ।

आज्ञाले—
माणिकलाल,
सेक्रेटरी-राज्यव्यवस्था तथा गृहमन्त्रालय

२६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।